# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# व्यास गाउँपालिका
# दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६
च.नं. ४२१

विषय: लेखापरीक्षण प्रतिवेदन ।


श्री अध्यक्ष ज्यू,
व्याँस गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।०७७
च.नं ५१७

मितिः २०७७।३।२६

श्री अध्यक्ष ज्यू,
व्याँस गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, दार्चुला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले व्याँस गाउँपालिका, दार्चुलाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १ करोड ६० लाख ८२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २४ लाख १४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४८ लाख ५५ हजार, नियमित गर्नुपर्ने रु. ४६ लाख ९६ हजार, पेश्की बाँकी रु.४१ लाख १७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया तथा प्रमाण पेश हुन नआएबाट सोही बमोजिम कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १५ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

२०७६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# व्यास गाँउकार्यपालिका, दार्चुला

## लेखापरीक्षण प्रतिवेदन

**आर्थिक वर्ष : २०७५/०७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न मार्मा गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । व्यास गाँउपालिका अर्न्तगत ६ वडा रहेकामा ३४ सभा सदस्य रहेका छन । यस गाँपालिकाको क्षेत्रफल ८३९.२६ व.की.मी रहेको र १०३४७ जना जनसंख्यारहेको छ । जुन सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम व्याँस गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| | आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि. न. | विवरण | रकम | रकम | सि. न. | विवरण | रकम खर्च | रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | १५६५०७६८।८२ | **१५६५०७६८।८२** | १ | **चालु खर्च** | १३८७०५५८८।० | **१३८७०५५८८।०** |
| २ | **राजश्व आय तर्फ** | | **४७१५६६१२।५४** | २ | **पुजीगत खर्च** | ९७१४७९४५।९ | **९७१४७९४५।९** |
| क | आन्तरिक राजश्व | १७८०२२९।२० | | ३ | **को.ले.नि.का.बाट** | | **२७९८९३२९।०** |
| ख | राजश्व बाडंफाड | ४४५३६६०६।५७ | | क | सामाजिक सुरक्षा | १९७५५०००।०० | |
| ग | राजश्व बाडंफाड प्रदेश | ८३९७७६।७७ | | ख | प्रधानमंन्त्रि रो.का. | ३०८२२२९।०० | |
| ३ | **वित्तिय हस्तान्तरण संघिय बाट प्राप्त** | | **१७८८७४५७२।९** | ग | झोलुङगे पुल | २३४००००।० | |
| क | वित्तिय समानीकरण अनुदान संघ | ७८५०००००।०० | | घ | स्थानीय पुर्वाधार | २४१८१००।० | |
| ख | शर्सत अनुदान | १००३७४५७२।९० | | ङ | गरिब संग विश्वेश्वर | ३९४०००।० | |
| ४ | **प्रदेश सरकार बाट प्राप्त** | | **२५७४२१००।०** | ४ | **विभिन्न कोष तर्फ खर्च** | | ६४७०००।०० |
| क | वित्तिय समानीकरण अनुदान | ६५४५०००।०० | | क | राहत कोष | ३९००००।० | |
| ख | समपुरक अनुदान | ११३६४०००।०० | | ख | अध्यक्ष अक्षय कोष | ०।० | |
| ग | विशेष अनुदान | ७२९३१००।०० | | ग | कर्मचारी कल्याण कोष | २५७०००।० | |
| घ | क्षेत्रीय शिक्षा | ५४००००।०० | | ५ | **धरौटी तर्फ** | ५२८५०।० | **५२८५०।०** |
| ५ | **अन्य बाट प्राप्त** | | **११५४८२५।०** | ६ | **बैक मौज्दात** | | **३४९२११८७३८** |
| क | पर्यटन बोर्ड | ५०००००।०० | | क | संचित कोष मुल खाता | ३२७२५३४५।४ | |
| ख | उर्जा बाट | ३४९८२५।०० | | ख | राहत कोष | १११००००।० | |
| ग | एल जि.सि.पी. | ३०५०००।०० | | ग | अध्यक्ष अक्षय कोष | ४३००००।० | |
| ६ | **को.ले.नि.का.बाट निकास** | | **२७९८९३२९।०** | घ | कर्मचारी कल्याण कोष | ४३०००।० | |
| क | सामाजिक सुरक्षा | १९७५५०००।०० | | ङ | धरौटी तर्फ | ६१२८४२।० | |
| ख | प्रधानमंन्त्रि रोजगार कार्यक्रम | ३०८२२२९।०० | | | | | |
| ग | झोलुङगे पुल निर्माण | २३४००००।० | | | | | |
| घ | स्थानीय पुर्वाधार विकास कोष | २४१८१००।० | | | | | |
| ङ | गरिब संग विश्वेश्वर कार्यक्रम | ३९४०००।० | | | | | |
| ७ | **विभिन्न कोष तर्फको आय** | | **२२३००००।०** | | | | |
| **क** | **राहत कोष** | १५०००००।० | | | | | |
| **ख** | **अध्यक्ष अक्षय कोष** | ४३००००।० | | | | | |
| **ग** | **कर्मचारी कल्याण कोष** | ३०००००।० | | | | | |
| ८ | **धरौटी तर्फको आय** | ६६५६९२।० | **६६५६९२।०** | | | | |
| **कुल जम्मा** | | | २९९४६३९००।२६ | | **कुल जम्मा** | २९९४६३९००।२६ | २९९४६३९००।२६ |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१.</td><td>आय-व्यय अनुमान-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा आय-व्ययको बजेट कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्ने र सभाले असार मसान्त भित्र पारित गर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७५/०७६ को लागी सभाबाट रु.२३ करोड ९५ लाख १४ हजारको आय-व्ययको बजेट पारित भएकोमा गाँउपालिकाबाट पेश भएको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत आय-व्यय विवरणबाट रु.२९ करोड ९५ लाख १४ हजारको को आय-व्ययको आर्थिक कारोबार भएको देखिएकोले सभाबाट पारित बजेट भन्दा रु. ५करोड ९९ लाख ५० हजार वढी देखियो । सभाबाट पारित बजेट भन्दा वढीको आय-व्ययको कारोबार हुँदा बजेट अनुमान यथार्थ परक हुन नसकेको र सभाबाट पारित वजेटको सिमा नाघेको छ । बार्षिक आय-व्ययको वजेट अनुमान तयार गर्दा यथार्थ परक हुनु पर्ने र सभाबाट स्वीकृत बजेट भन्दा वढी भएको रकमको सभाबाट अनुमोदन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>वजेट निकासा- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा खर्चको अख्तियारी पठाउनु पर्ने र रकम निकासा गर्ने व्यवस्था छ । प्रदेश सरकारबाट प्राप्त निम्न अनुदान रकमको खर्चको अख्तियारी नभएको, रकम निकासा आदेश प्राप्त नभएको, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा खर्च भिडान भएको आर्थिक विवरण नभएको र आन्तरिक लेखापरिक्षण समेत भएको देखिएन । सो सम्बन्धि विवरण निम्न छन ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>वित्तियसमानिकरण अनुदान</td><td>६५४५००।००</td></tr>
<tr><td>२</td><td>क्षेत्रीय शिक्षा</td><td>५४००००।००</td></tr>
<tr><td>३</td><td>समपुरक अनुदान</td><td>११३६४०००।००</td></tr>
<tr><td>४</td><td>विशेष अनुदान</td><td>७२९३१००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२५७४२१००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । महालेखा परीक्षकबाट स्वीकृत म.ले.प. फाराम बैंक हिसाव मिलान विवरण तयार गरेको देखिएन । बैंक हिसाव मिलान विवरण तयार नगरेबाट श्रेस्ताबाट देखिएको मौज्दात रकमको वास्तविक बैंक मौज्दात रकम भिडान हुदैन । आर्थिक वर्षको अन्त्यमा श्रेस्ताबाट रु. ३४९२११८७।३८ मौज्दात देखिएकोमा बैंक स्टेटमेन्टबाट बार्षान्तमा रु.४०४९११५१।८१ देखिएबाट रु.५५६९९६४।४३ फरक परेको रकमको एकीन गरी हिसाव मिलान हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बजेट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आय र व्ययको अनुमानित विवरणमा गत आर्थिक वर्षको यर्थाथ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्ने व्यवस्था छ । आर्थक वर्ष २०७५/०७६ को रु.३३,९५,१४,०००।- वजेट पेश गर्दा गत वर्षको यथार्थ आम्दानी खर्च र चालु वर्षको खर्चको संशोधित अनुमान खुलाएर वजेट तयार गरेको देखिएन  र आगामी वार्षको लागि योजना तथा कार्यक्रम नखुलाई क्षेत्रगतरुपमा एकमुष्ट वजेट उल्लेख गरेको देखियो । वार्षिक वजेट तयार गर्दा पर्याप्त समय दिएर वजेट तयार नगरेको कारणले वजेटमा उल्लेख हुनुपर्ने विवरण उल्लेख नभएको हुन सक्दछ । वजेटमा उल्लेख हुनु पर्ने गतवर्षको यथार्थ यसवर्षको संशोधित अनुमानको विवरण उल्लेख नहुदा तुलनात्मक विश्लेषण गर्न नसकिने र आगामी वर्षको लागी योजना र कार्यक्रम उल्लेख नहुदा योजना र कार्यक्रम छनौट एवं पारदर्शितामा असर पर्ने देखिन्छ । वजेट तयार गर्दा वजेटमा खुलाउनु पर्ने गतवर्षको यथार्थ  आम्दानी खर्च र आगामी वर्षको योजना तथा कार्यक्रम स्पष्ट उल्लेख भई वजेट तयार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>आय व्यय विवरण सार्वजनिक नगरेको - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले मासिक आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>कार्ययोजना नभएको- स्थानीय तहमा बजेट तर्जमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धि निर्देशिका २०७४ को वुदा २.९ मा गाउँ सभाबाट स्वीकृत वजेटको प्रभावकारी कार्यान्वयनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ । गाँउ सभाबाट स्वीकृत वजेट रु.२३९५१४०००।- को समय सिमा सहितको कार्ययोजना वनाएको देखिएन । स्वीकृत वजेटको समय सिमा</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्दछ । स्वीकृत बजेट कार्यन्वयनलाई प्रभावकारी वनाउन समय सिमा सहितको कार्ययोजना वनाई वजेट कार्यन्वयन हुनु पर्दछ । | |
| ७. | **विवरण सार्वजनिक नगरेको-** स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा २.१० मा स्थानीय तहबाट गरिने निर्माण कार्यस्थलमा सो काम संग सम्बिन्धित विवरणहरु आयोजनाको नाम, लागत, कार्यशुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेकका लिनेका नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि देखिने गरी काम सम्पन्न नभए सम्म सर्वसाधारणले देख्ने सक्ने गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । स्थानीयले गरेका निर्माण कार्यहरुको योजनागत अभिलेख कार्यालयमा नरहेको र निर्माण कार्यास्थलमा योजनाको विवरण रहेको खर्च एवं अन्य कुनै विवरणबाट देखिएन । निर्माण कार्यस्थलमा विवरण नरहदा योजना एवं निर्माण कार्यको सर्वसाधारणलाई यथार्थ जानकारी नहुने देखिन्छ । प्रत्येक निर्माण कार्यको निर्माण स्थलमा सर्वसाधारणले देख्न सक्ने गरी योजनाको विवरण राखिनु पर्दछ । | |
| ८. | **योजना वनाई कार्यान्वयन गर्ने** - स्थानीय सरकार संचालन एन, २०७४ को दफा २४ मा गाउँ पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । गाँपालिकाले यस्तो योजना वनाएको देखिएन । योजना नवन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वयन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वयन गरिनु पर्दछ । | |
| ९. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजिगत तर्फ कुल खर्च रु.७ करोड ९६ लाख ९२ हजार रहेकोमा प्रथम चौमासिकमा ०.६ प्रतिशत, दोश्रो चौमासिकमा २१ प्रतिशत र तेश्रो चौमासिकमा ७८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्रै ३० प्रतिशत खर्च भएकोले आषाढमा आएर खर्चको चाप वढेको कारण सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| १०. | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको र आर्थिक वर्ष २०७४।०७५ को आन्तरिक लेखा परीक्षण समेत गराएको पाईएन । | |
| ११. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाँउपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट गाँउपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।<br>कार्यालयले दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीशबापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो त्यसलाईनै आधार लिई हिसाब यकिन नगरी गाँउपालिकाले आम्दानी जनाएको रु.१७८०२२९।२० यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन गर्नु पर्दछ । | |
| १२. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन ।यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १३. | **अभिलेख अद्यावधिक:** स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउ सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गोश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ । स्वीकृत मध्ये के के कार्य भए र कुन कुन कार्य हुन सकेन र गाँउसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता यकिन गरिनु पर्दछ । | |
| १४. | **शिर्षकगत आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) मा स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सन्चित कोषको शीर्षकगत विवरण तयार गरेको देखिएन । शीर्षकगत विवरण तयार नगरेबाट शीर्षकगत आय व्ययको यथार्थता एकीन हुन नसक्ने देखियो । स्थानीय सञ्चित कोषको आय व्यय हिसावको यथार्थताको लागी शीर्षकगत देखिने गरी अभिलेख राखी चौमासिक विवरण तयार गरी समन्धित निकायमा पठाउनु पर्दछ । | |
| १५. | **आन्तरिक आय :** गाँउपालिकाले पेश गरेको आय व्यय विवरणमा आन्तरिक राजस्वमा जम्मा रु.१७८०२२९।०० आम्दानी भएको देखाएको छ । जुन गत वर्ष भन्दा १.४३ प्रतिशतले घटी हो ।गाँपालिकाले आन्तरिक आय प्रक्षेपण गरेको छैन यसरी आन्तरिक आम्दानीको स्रोत पहिचान नगर्नुका साथै भएका स्रोतहरुबाट समेत राजस्व संकलन गर्न नसक्नुमा गाँपालिकाको कम्जोरी देखिन्छ । गाँउपालिकाको समयमै स्रोत पहिचान गरी आन्तरिक आम्दानी बढाउनुपर्ने देखिन्छ । | |
| १६. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले रु १ लाख रुपैंया भन्दा बढी शुल्क लाग्ने सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग प्रतिस्पर्धाको आधारमा प्रस्ताब माग गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । सो बिपरीत गाँउपालिकाले ४ जना कर्मचारी सोझै बार्ताद्धारा नियुक्ती गरी रु.८४९८२०।००खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी प्रतिस्पर्धात्मक मुल्यमा सेवा करार लिनुपर्दछ । | |
| १७. | **जिन्सी सम्पत्ती:** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ ।कार्यालयले लेखापरीक्षण अवधीसम्म खर्च भएर जाने र नजाने मालवस्तु तथा सम्पत्तीको जिन्सी निरीक्षण गरेको छैन । साथै जिन्सी निरीक्षणको लागी पहल समेत गरेको देखिन आएन । त्यसैगरी यो आर्थिक वर्षमा खरिद गरिएका माल वस्तु तथा सम्पत्तीहरु जिन्सी खातामा आम्दानी बाधेको भएपनि पूँजीगत प्रकृतिका खप्ने मालसामान र खर्च भएर जाने मालसमान लाई फरक-फरक संकेत नं. अनसुार फरक फरक जिन्सी खाता खडा गर्नु पर्नेमा सो नगरी एउटै खातामा तथा जिन्सी संकेत नं. समेत उल्लेख नगरी अभिलेख राखेको पाइयो सो सम्बन्धमा कानुनमा व्यवस्था भएबमोजिम खर्च भएर जाने र नजाने मालवस्तु अभिलेख तयार गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| १८. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई गाँउपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सफ्टवयरको प्रयोग नगरी म्यानुअल प्रणालीमा लेखा राखेको छ ।यस तर्फ तत्काल सुधार गर्नु पर्दछ । | |
| १९. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानिय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्नेछ भन्ने प्रावधान रहेको छ । कार्यालयले कानूनको उक्त प्रावधान बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था समेत देखिन आयो । यस सम्वन्धमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| २०. | **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहिले उपस्थिति जनाएको माईन्यूट गरेता पनि सार्बजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | |
| २१. | **प्रगति विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा गाँउपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | |
| २२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २३. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार .ब्यास गाँउपालिकाले देहाय बमोजिम रु.९९०४२००।०० सुविधावापत भुक्तानी भएको छ । | |

| सि. नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० | ७५२७००० (गत आ.व समेत) |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | ११०० | १००० | ५०० | - | - | ३१२०० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | १२९६००० |
| ४ | अनुगमन भत्ता (मासिक) | - | - | - | - | - | १०५००००।०० |
| | **जम्मा** | | | | | | ९९०४२००।०० |

| | | |
|---|---|---|
| २४. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले सो बमोजिमको सूचि तयार नगरी सालबसाली टुक्रे | |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>योजनाहरुमात्र संचालन गरेको छ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>खर्च नभएको रकम फिर्ता नभएको : अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७५।७६ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको दफा ७ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । सशर्त अनुदान तर्फ गरिव घर पहिचान कार्यक्रमको लागि आएको बजेट वर्षान्तमा खर्च भएको जनाई आन्तिरिक कोषमा जम्मा गरेको रकम रु.११८६०००।०० संघीय संचित कोषमा दाखिला हुनु पर्दछ ।</td><td>११८६०००.००</td></tr>
<tr><td>२६.</td><td>आर्थिक कारोवार बन्द नगरेको आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३३ मा सालतमाम हुनुभन्दा कम्तीमा सात दिन अगाडि कार्यालयले भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिइ आर्थिक कारोवार बन्द गर्नुपर्ने र आर्थिक कारोवार बन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावधिक गरि बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको समयमा खाता बन्द नगरी वर्षान्त पछि समेत तल उल्लेखित खर्च खाताहरुमा मौज्दात शुन्य नभइ बाँकी रहेको देखियो । तोकिएको समयमा आर्थिक कारोवार बन्द नगरेको कारणले हिसाव एकीन हुन नसकी मौज्दात रकम फिर्ता नभएको हुन सक्ने देखिन्छ । समयमा आर्थिक कारोवार बन्द नगर्दा आर्थिक कारोवारको लेखा अद्यावधिक नहुने र नियममा भएको व्यवस्थाको कार्यान्वयन नगरेको देखियो । नियममा भएको व्यवस्थालाइ कार्यान्वयन गरी तोकिएको समयमा आर्थिक कारोवार बन्द गरी लेखा अद्यावधिक गरी बर्षान्तमा मौज्दात बाँकी रकम सञ्चित कोष खाता फिर्ता हुनुपर्दछ ।
<table>
<tr><td>बैङ्क खाता नं.</td><td>मौज्दात रकम रु.</td><td>स्टेटमेण्टमा देखिएको कारोवार मिति</td></tr>
<tr><td>पुजिगत खर्च खाता रा.वा.बैंक</td><td>१६३५८४०</td><td>२०७६।०४।१२</td></tr>
<tr><td>चालु खर्च खाता रा.वा.बैंक</td><td>९१४८४</td><td>२०७६।०४।१२</td></tr>
<tr><td>जम्मा</td><td>१७२७३२४।००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>डोजर, स्काभेटर लगायत मेसिनको प्रयोगः- कार्यालयले नया बाटोको ट्र्याक खन्ने, सडक विस्तार गर्ने, पहिरो पन्छाउने आदि कार्यहरु उपभोक्ता समिति मार्फत गराएको छ । यसरी गर्ने कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट बमोजिम प्रति घनमिटर माटो खन्न तोकिएको दरलाइ आधार बनाइ तर्जुमा गर्ने गरेको छ । तर उपभोक्ताहरुले काम गर्दा र गराउदा प्रति घण्टाको दरमा डोजर, स्काभेटर आदि मेशिन भाडामा लिइ कार्यहरु गराउने गरेको पाइयो । यसरी मेसिन भाडामा लिदा एउटै प्रकृतिको कार्य गर्ने एउटै मेसिनको भाडा समेत एउटै वा फरक स्थान र समयमा समेत फरक फरक दरले भाडामा लिई कार्य गराउने गरेको देखियो । इन्धन खपत समेत एउटै प्रकृतिको मेसिन र कार्यमा समेत फरक परिमाण खपत हुने गरेको देखियो । यसप्रकार गरिएको कार्यको नापजाच भने स्वीकृत लागत अनुमान बमोजिम प्रति घनमिटरमा नै गर्ने गरिएको छ । तर प्रति घन मिटर उक्त कार्यहरु गर्न के कति घण्टा मेसिन चलाउनु पर्दछ सोको बिश्लेषण गर्ने गरेको पाइएन । नगर कार्यपालिकाले समेत प्रति घण्टा डोजर, स्काभेटर लगायतका मेसिनको दररेट के कति हुने सम्वन्धमा निर्णय गरेको देखिन आएन । त्यसैगरी उपभोक्ताबाट गरिने कार्यहरु श्रम प्रधान हुनुपर्ने र मेसिनको प्रयोग गर्न नपाइने भन्ने प्रचलित कानूनहरुको प्रावधान समेत पालना भएको देखिन आएन । यस सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानु आवश्यक छ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>कामको नापजांच र नापी कितावः स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा स्थानिय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विकास योजना तथा कार्यक्रममा भएको कामको तोकिएको प्राविधिकबाट तोकिए बमोजिम नापजांच र प्राविधिक पुष्याई गर्नुपर्ने प्रावधानहरु रहेको छ । कार्यालयले योजना तथा कार्यक्रममा भएको कामको नांपजाच र जांचपास गर्दा केहि योजना तथा कार्यक्रमहरुमा लुज सिटको पानामा नापजांच गरी प्रविष्टि गरेको छ भने केहि योजना तथा कार्यक्रमको हार्डकपि नापी कितावमा योजना वा कार्यक्रम पिच्छे छुट्टा छुट्टै प्रविष्टि गर्ने गरेको छ । लुज सिटमा प्रविष्टि गर्दा कुनैमा Measurement sheet, कुनैमा Detail measurement sheet, कुनैमा Cost valuation वा खर्च बिबरण आदि उल्लेख गरी प्रविष्टि गरेको छ । यस प्रकार गरेको नापजांचको अभिलेख अद्यावधिक गरी नराखेको तथा र रनिङविलहरु तथा कार्य सम्पन्न प्रतिवेदन पनि तोकीएको ढाँचामा राखेको छैन जस्ले गर्दा अघिल्लो</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | विलको कामको परिमाण र रकम नखुल्ने दाहोरो भुक्तानी हुन सक्ने अवस्था रहन्छ । यस तर्फ गाँपालिकाले तत्काल सुधार गर्नुपर्दछ । | |
| २९. | **मू.अ.कर दाखिलाः** मु.अ.कर ऐन, २०५२ तथा नियमावली, २०५३ बमोजिम कार्यालयले भुक्तानी दिएको १३ प्रतिशत मु.अ.कर रकमको ५० प्रतिशत मु.अ.कर रकम कट्टी गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले यस प्रकार कट्टी गरेको मु.अ.कर रकम कुन कुन व्यक्ति वा संस्थाको के कति कट्टी गरी के कति रकम राजस्वको सम्वन्धित खातामा दाखिला गरियो सो अभिलेख तयार नगरेबाट यकिन हुन सकेन । | |
| ३०. | **एकमुष्ट बजेट विनियोजन :** स्थानीय सरकार संचालन  ऐन,२०७४ को दफा ७१ मा सभाले योजना तथा कार्यक्रम सहितको बजेट पारित गर्ने व्यवस्था छ । गाँउ सभाले पारित गरेको सुरु बजेटमा निम्नानुसारका बजेट योजना तथा कार्यक्रमगत नभइ एकमुष्ट बजेट विनियोजन गरि पछि छुट्याइएको छ योजना तथा कार्यक्रमगत बजेट विनियोजन नगरी पछि योजना छुट्याउदा योजना छनौट कार्य प्रभावकारी नहुन सक्दछ । सुरु बजेट विनियोजन गर्दा योजना तथा कार्यक्रमगत रकम विनियोजन गरी एकमुष्ट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।  यस वर्ष एकमुष्ट बजेट विनियोजनको क्षेत्र निम्न छ । | |

| सि.नं. | विनयोजन गरेको क्षेत्र | रकम रु. |
|---|---|---|
| १ | गत बर्षको भुक्तानी बाँकी | ४६४५०००.०० |
| २ | कृषि तथा पशु शाखाको कार्यक्रम | ९००००००.०० |
| ३ | समपुरक कोषमा | १०००००००.०० |
| ४ | युवा स्वरोजगार कार्यक्रम | ५५०००००.०० |
| ५ | शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम | ३००००००.०० |
| ६ | पर्यटन प्रर्बद्धन कार्यक्रम | २५००००००.०० |
| ७ | स्वास्थ्य शाखा कार्यक्रम | १५०००००.०० |
| ८ | संस्कृति प्रर्बद्धन कार्यक्रम | १०००००००.०० |
| ९ | लक्षित वर्ग कार्यक्रम | २५०००००.०० |
| १० | सडक निमाण | ५००००००.०० |
| ११ | घोरेटो बाटो निमार्ण | २००००००.०० |
| १२ | घोरेटो बाटो मर्मत | ३५००००००.०० |
| १३ | पर्यटन सडक डि.पि.आर.- | ३५०००००.०० |
| १४ | वन तथा भु संरक्षण | १५०००००.०० |
| १५ | धुँवामुक्त कार्यक्रम | २६००००००.०० |
| **जम्मा** | | **१४७१४५०००.००** |

| | | |
|---|---|---|
| ३१. | **स-साना योजना छनौट :** स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ७१ मा योजना तथा कार्यक्रम सहितको आय व्ययको बजेट सभाले पारित गर्ने व्यवस्था छ ।  सभाले पारित गरेका योजना तथा कार्यक्रमहरु साना र धेरै योजनाहरु छनौट भएको देखिन्छ ।यसरी स-सना योजनाहरु छनोट हुँदा बढी प्रतिफल दिन नसक्ने , दिगो योजनाहरु कार्यान्वयन नहुने, प्रभावकारी अनुगमन नहुने प्रशासनिक खर्च बढी हुने तथा दिगो तथा गुणस्तरीय विकासमा वाधा पुग्ने र समग्र योजना कार्यान्वयनमा समेत समस्या हुने देखिन्छ । गाँउपालिकाले योजना छनोट गर्दा उत्पादन र उत्पादक्त्व बढ्ने तथा आम नागरिकको जिवनस्तर माथि उकास्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।  गाँपालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिइ धेरै स-साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।यस वर्ष गाँपालिकाले सञ्चालन गरेका टुक्रे योजनाको विवरण निम्न छन । | |

| योजना | संख्या | रकम रु. |
|---|---|---|
| रु ५ लाख भन्दा कमका योजना | २०६ | २९८०००००।०० |
| रु ५ लाख भन्दा माथि रु १० लाख सम्मका योजना | ६ | ४२०००००।०० |
| रु १० लाख भन्दा माथिका योजना | ० | ० |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>बिशेष अनुदान तर्फ</td><td></td></tr>
<tr><td>३२.</td><td>बहाल कर : ७२०७६।०३।२९ टिमुरवाटा देखि खेतीगाड हुँदै बनानी सडक निमार्ण उपभोक्ता समिति मार्फत निमार्ण कार्यको लागत अनुमान रु.५७,५७,००६।६२ भएकोमा कार्य सम्पन्न रु.५५,२९,७१६।४१ रहेको देखिन्छ । उक्त सडक निमार्ण कार्य मेशिन प्रयोग गरी भएको निमार्ण कार्यको उपभोक्ता समितिले राजेन्द्र निमार्ण सेवा प्रा.लि. सँग सम्झौता गरी निर्माण कार्य गराएकोमा प्रा.लि. को विल संलग्न भएको नदेखिर्एकोले कार्यालय बाट भुक्तानी भएको रकम रु. ४७,००,०००।- को भाडा कर १० प्रतिशतले हुन आउने रकम रु. ४,७०,०००।- बहाल कर कट्टा गर्नुपर्नेमा रु.४७,०००।- मात्र कट्टा गरेकोले नपुग रकम असुल हुनुपर्ने रु.</td><td>४२३०००.००</td></tr>
<tr><td>३३.</td><td>अन्य कोष : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ मा स्थानीय संचित कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धि व्यवस्थामा आकस्मिक कोषको बाहेक अन्य कोषको व्यवस्था गरेको देखिदैन । गाउँपालिकाको निर्णयले राहत कोषमा रु.१५,००,०००।- र अक्षय कोषमा रु.३,००,०००।- खर्च लेखी जम्मा गरेको रकम नियमानुसार देखिएन । कानुनमा व्यवस्था भएदेखि बाहेकका कोषहरु स्थापना गर्न रकम खर्च लेख्दा विकास निमार्ण कार्यहरुमा रकम प्रर्याप्त नहुन सक्दछ । कानुनमा व्यवस्था भएदेखि बाहेकका कोषहरु स्थापना गर्ने आधार पेश हुनुपर्दछ ।</td><td>१८०००००.००</td></tr>
<tr><td></td><td>समपुरक अनुदान तर्फ</td><td></td></tr>
<tr><td>३४.</td><td>बीमा नगरेको : सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निमार्ण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ । निम्न निमार्ण कार्यको निमार्ण व्यवसायीले वीमा गरेको देखिएन । लागत अनुमान तयार गर्दा परिमाण सूचीमा बीमाको आइटम समावेश नभएको कारणले वीमा नगरको हुन सक्दछ । निमार्ण कार्यको वीमा नहुँदा जोखीम वहन गर्ने कार्य नहुने देखियो । नियममा व्यवस्था भए अनुसार जोखिम बहन गर्नको लागी निमार्ण कार्यको बीमा गराउनु पर्दछ । यस वर्ष विमा नगराई गरेको कार्य विवरण निम्न छन ।
<table>
<tr><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायीको नाम</th><th>सम्झौता रकम रु.</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>दर्पा चन्दाकोट स्वास्थ्यचौकी हुती सडक</td><td>लटिनाथ निमार्ण सेवा</td><td>८७४८०९१.९६</td><td>२५८७७००</td></tr>
<tr><td>नयाँरोड देखि तिग्रम पुल सम्म</td><td>रिठगडे कन्सट्रक्सन</td><td>९१७९५८५.१९</td><td>३२५३०००</td></tr>
<tr><td>घोरेटो बजार देखि मालिकार्जुन सम्म</td><td>महादेव निमार्ण सेवा</td><td>९२४३७१७.३०</td><td>२०३४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.</td><td>मुल्य अभिबृद्धि कर : आर्थिक ऐन २०७६ बमोजिम कार्यालयले भुक्तानी दिने ठेक्का रकमको मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम भूक्तानीमा कट्टा गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्ने व्यवस्था छ । निम्न ठेक्कामा दिएको मूल्य अभिबृद्धि करको ५० प्रतिशतले हुने रकम कट्टा गरी दाखिला गरेको देखिएन । समयमा ऐन तथा परिपत्रको जानकारी नभएको कारणले मू.अ. कर रकम दाखिला नभएको हुन सक्दछ । कार्यालयले भूक्तानीमा कट्टा गरी दाखिला गर्नुपर्ने रकम दाखिला नहुँदा समयमा राजश्व आम्दानी नहुने देखियो । ऐनमा व्यवस्था भए अनुसार तल उल्लेखित मू.अ. कर भूक्तानीको ५० प्रतिशत रकम राजश्वमा दाखिला नभएको रकम दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./ मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>मु.अ.कर भुक्तानी रकम रु.</th><th>५० प्रतिशतले हुने रकम रु.</th></tr>
<tr><td>४-२०७६.३.२९</td><td>लटिनाथ निमार्ण सेवा</td><td>२९९७००</td><td>१४८८५०.००</td></tr>
<tr><td>५-२०७६.३.२९</td><td>रिठगडे कन्सट्रक्सन</td><td>३७४२३८.९०</td><td>१८७११९.४५</td></tr>
<tr><td>६-२०७६.३.२९</td><td>महादेव निमार्ण सेवा</td><td>२३४०००.००</td><td>११७०००.००</td></tr>
<tr><td>४५-२०७६.३.२९</td><td>सरस्वती इन्टरप्राइजेज</td><td>१०३२०७.००</td><td>५१६०३.५०</td></tr>
</table></td><td>५०४५७२.९५</td></tr>
<tr><td>३६.</td><td>ग्याँस सिलिण्डर खरिद : स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को ३.४ मा नेपाल सरकारको अनुदानबाट प्राप्त रकम कुनैपनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । गाँउपालिकाले धुँवामुक्त कार्यक्रम भनी सरस्वती इन्टरप्राइजिजबाट ४७६ वटा ग्याँस सिलीण्डर रु.२५,०६,३८९।- खरीद गरेकोमा व्यक्तिलाई वितरण गर्ने गरी खरिद गर्न मिल्ने</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | नदेखिएको साथै उक्त ग्याँस सिलिण्डर वितरण भएको समेत देखिएन । खरीद गरिएको ग्याँस सिलिण्डरको सरस्वति इन्टरप्राइजिजको सम्झौता बमोजिमको रकम रु.२५,०६,३८९।- भूक्तानी भएकोमा विल रु. ८,९७,१०७- को भएकोले रु.१६,०९,२८२। विल बेगर भूक्तानी भएको देखियो । गाँउपालिकाले पारित गरेको बजेट तथा कार्यक्रममा समावेश भएको कारणले खरीद भएको देखिन्छ । यस्ता व्यक्तिमुखी कार्यक्रम सञ्चालन गर्दा विकासका कार्यक्रमहरु संचालन नहुन सक्दछ । घरेलु प्रयोगका लागि सामान खरीद गर्न मिल्ने आधार नदेखिएको र विल वेगर भूक्तानी भएको रु.१६,०९,२८२।- समेत नियमानुसार नदेखिएको रु............... | २५०६३८९.०० |
| ३७. | **खर्च बढाएको** : वर्षान्तमा पूँजिगत खर्च खातामा मौज्दात बाँकी रहेको रु.१६,३५,८४०।- बजेट खर्च लेखी स्थानिय संचित कोष फिर्ता गरेकोले बजेट खर्च लेख्न मिल्ने देखिएन । कोष फिर्ता रकम वास्तविक बजेट खर्च नभएकाले बजेट खर्च लेख्दा यथार्थ खर्च भन्दा बढी खर्च हुन गएको देखियो । नियम अनुसार बजेट खर्च देखाउन नमिल्ने देखिएकाले उक्त खर्चको आधार पेश गर्नुपर्ने रु...................... | १६३५८४०/- |
| ३८. | **उपभोक्ता समितिबाट भएको निर्माण कार्य** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाइ सहभागी गराउने भएमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरि त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा एक करोड भन्दा बढी लागत अनुमानको कार्य गराउन नमिल्ने, साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान उल्लेख गर्नुपर्ने, हेभी मेशिनहरु प्रयोग गर्न नमिल्ने, आफुले पाएको निर्माण कार्य सवकन्ट्याक्टरबाट गराउन नमिल्ने र निर्माण कार्य सम्पन्न भएपछि आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने र खरिद नियमावलीको नियम १९ मा स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ ।स्थानीय तहले धेरैजसो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा ऐनमा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता, दिगोपना र रोजगारी सिर्जना गर्ने पर्याप्त आधारहरु सुनिश्चित गरेर निर्माण कार्य गराएको देखिदैन । खरिद नियमावलीमा भएका व्यवस्थाहरु अधिकांश सडकका आयोजनाको कुल लागत अनुमान एक करोड भन्दा बढी हुने साठी लाख भन्दा बढी लागत अनुमान भएकोमा प्रत्येक इकाइमा उपभोक्ताले गर्नुपर्ने योगदान उल्लेख नहुने, सडक निर्माण कार्यका योजनाहरुमा हेभी मेशिन प्रयोग हुने, हेभी मेशिनको प्रयोग कन्सट्रक्सन कम्पनी मार्फत हुने गरेका र निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिलाइ आयोजना हस्तान्तरण हुने नगरेको र स्थायी लेखा नम्बर नलिएकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन मिल्ने देखिदैन । नियममा भएका व्यवस्थाको कार्यान्वयन नगरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा ऐन नियममा भएका व्यवस्थाको कार्यान्वयनमा असर परेको छ । खरिद ऐन नियममा भएका व्यवस्थाको पुर्ण रुपमा कार्यान्वयन गरेर मात्र उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्ने अन्यथा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा नियन्त्रण हुनुपर्दछ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन् । | |
| ३९. | **जनसहभागिताको रकम :** ३२१।२०७६।०२।१० - सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई जनसहभागिता रकम कट्टा गरी भूक्तानी दिनुपर्ने व्यवस्था छ । ब्यास घोरेटो बाटो उपभोक्ता समिति मार्फत भएको निर्माण कार्यको उपभोक्ता समितिको योगदान २० प्रतिशत हुने गरी सम्झौता भई सम्पन्न रकम रु.२३,०५,९०१।७० को २० प्रतिशतले हुने गरी सम्झौता भएकोले सम्पन्न रकम रु.२३,०५,९०१।७० को २० प्रतिशतले हुने रकम रु.४,६१,१८०।३४ कटाइ रु.१८,४४,७२१।३६ भूक्तानी हुनुपर्नेमा रु.१९,००,०००।- भुक्तानी गरेबाट बढी भूक्तानी भएको रकम असुल हुनुपर्ने रु. | ५५२७८.६४ |
| ४०. | **स्थानीय संचितकोषको लेखा** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ मा प्रत्येक गाँउपालिका तथा नगरपालिकाको आप्नो एउटा सञ्चित कोष रहने व्यवस्था छ । गाँउपालिकाले आप्नो स्थानिय सञ्चित कोषमा जम्मा भएको आम्दानी रकम र खर्च खातामा रकम ट्रान्सफर भइ बाँकी रकम देखिने गरी अद्यावधिक लेखा राखेको देखिएन । स्थानीय सञ्चित कोषको लेखा नराखेबाट सञ्चितकोषको यथार्थ हिसाव एकिन हुँदैन । स्थानिय सञ्चित कोषको अद्यावधिक लेखा राखी आम्दानी खर्च र मौज्दात बाँकी रकमको यथार्थ विवरण प्रस्तुत | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | हुनुपर्दछ । | |
| | **बिपद व्यवस्थापन कोष** | |
| ४१. | **राहत बितरण :** स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को ३.४ मा नेपाल सरकारको अनुदानबाट प्राप्त रकम कुनैपनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । वित्तिय समानिकरण शिर्षकबाट रु.१५,००,०००।- विपद व्यवस्थापन कोषमा जम्मा गरी रु.३,९०,०००।- राहत वितरणमा खर्च लेखेको रकम नियमानुसार नदेखिएको रु. | ३९००००.०० |
| ४२. | **विद्यालय अनुदान :** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । ९ विद्यालयहरुको खातामा शिक्षक , बालविकास र कार्यालय सहयोगीलाई रु.३२१९०००।००अनुदान रकम जम्मा गरेकोमा विल भर्पाइ संलग्न नभएको र विद्यालय संचालनको अनुदान रकम सशर्तको बजेटबाट निकासा हुने हुदा वित्तिय समानीकरण अनुदानको रकमबाट दिनुपर्ने आधार स्पष्ट देखिदैन् । विल भर्पाइ सहितका आधार प्रमाण नहुदा खर्च पुष्ट्याइ हुदैन् । खर्च लेख्दा विल भर्पाइ सहितका आधार प्रमाण पेश हुनुपर्ने रु. | ३२१९०००/- |
| | **विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ** | |
| ४३. | **पोषाक भत्ता भुक्तानी : गौ.भौ.नं.१८-२०७६।०३।३०** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखाम्ने खर्च व्यहोर्नुपर्ने भएमा विलभरपाई वमोजिमको रकम आगमी वर्ष भुक्तानी दिनुपर्ने कारण खोली महालेखापरीक्षकले तोकेको ढाँचामा उपनियम ८ बमोजिमको खर्च भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था भएकोमा सम्पाल मा.वि सुन्सेरालाई गत वर्षको भुक्तानी दिन बाँकी रहेको भनि पोषाक भत्ता वापत रु.७५०००।०० भुक्तानी भएको छ । उक्त विद्यालयले नियममा भए बमोजिमको भुक्तानी दिन बाँकीको कच्चावारी समेत नबनाएको र विद्यालयको आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदनमा दायित्व तर्फ समेत समावेश नगरेको देखिएकाले उक्त भुक्तानी असुल हुनु पर्दछ । | ७५०००.०० |
| ४४. | **काज फिर्ता अवधिको भुक्तानी :** हिमालय मा.वि. हुतिमा स्रोत व्यक्ति को स्थानमा सट्टा शिक्षक श्री रमेश दत्त भट्टले शिक्षण गर्दै आएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरको च.नं.१२३ मिति २०७५।११।०८ को स्रोत व्यक्ति निर्देशन पत्र तथा शिक्षा विकास तथा समन्वय इकाई दार्चुलाको मिति २०७५/११/१० को निर्णय अनुसार स्रोत व्यक्तिको काज फिर्ता गरी सट्टा शिक्षकवाट हटाउने निर्णय भएको २०७५/११/११ सम्मको मात्रै तलब निकास हुनुपर्नेमा फागुन महिनाको पुरै तलव निकासा भएको देखिएकाले बढी निकासा भएको रकम रु.२०५८३।०० असुल हुनुपर्दछ । | २०५८३.०० |
| ४५. | **सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा ऐन , २०७५ को दफा १७ मा स्थानिय तहले दफा १६ बमोजिमको परिचयपत्रको आधारमा सामाजिक सुरक्ष भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा १८ मा वितरण गरिएको समाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। यस वर्ष गाँपालिकाले ६ वटा वडा मार्फत जम्मा रु.१९७५५०००।०० वितरण गरेकोमा सो लेखापरीक्षण योजनाले निर्दिष्ट गरे बमोजिम निकासाको आधारमा पहिलो र पाँचौ स्थानका वडाको छनौट गरिएकोमा भरपाईका आधार परीक्षण गरिएको छ । मुल लगत तथा VERSP-MIS मा कति तथ्याङ्क रहेको हो सो सम्बन्धमा यकिन हुन सकिएन । VERSP-MIS तथा मुल लगतलाई अध्यावधिक गरी बैङ्किङ प्रणाली मार्फत वास्तविक लाभग्राहीलाई भुक्तानी हुने व्यवस्था मिलाउने तर्फ गाँउपालिकाले उचित पहल गर्नु पर्दछ । | |
| | **ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तर्फ :** | |
| ४६. | **अग्रमि कर कट्टी :** गौ.भौ नं.१-२०७५।८।२४ आयकर ऐन २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक वासिन्दा व्यक्ति वा मूल्य अभिबृद्धि कर छुटको कारोवार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेकोको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलब पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा ब्रह्मस्थान नि.मा.वि.को शौचालय निर्माण गर्दा विभिन्न सप्लार्यसहरुलाई भुक्तानी गरेकोमा | १६४८/- |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | घटी कर कट्टी गरेको रु.१६४८ असुल हुनु पर्दछ । | |
| ४७. | **बहाल कर :** गौ.भौ नं.१ / ८ -२०७५।८।२४-९।२४ आयकर ऐन २०५८ को दफा ८८(४) वासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेमा दश प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने कानुनी व्यवस्था भएकोमा ब्रह्मस्थान नि.मा.वि.को शौचालय निर्माण गर्दा ढुवानी तथा स्टोर भाडा वापतको कर रु.४५१९।०० र पन्वा खोला दोस्रो खानेपानी उपभोक्ता समितिको रु.२६००।०० करकट्टी नगरेको समेत जम्मा रु.७११९ असुल हुनुपर्दछ । | ७११९/- |
| ४८. | **कर विजक वेगर भुक्तानी :-** मुल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्ने व्यवस्था छ । त्यस्तै आयकर ऐन २०५८ को दफा १० छ (२) मा दफा २ को खण्ड (ध)वमोजिम छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित अन्य योगदानहरुमा कर छुट हुने कानूनी व्यवस्था छ । त्यसै गरी ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना कार्यान्वयन निर्देशिका २०७५ मा सहयोगी संस्था परिचालन कार्यविधिमा मुनाफा रहित गैर सरकारी संस्थाको रुपमा रहेको संस्थाले सम्बन्धित कर कार्यालयवाट कर छुटको प्रमाण पत्र अनिवार्य भनि उल्लेख छ । यस गाँपालिका अन्तर्गत सञ्चानल गरेका विभिन्न तालिम लगायतका कार्यक्रम सञ्चालन गर्न समाज कल्याण समाज दार्चुला सँग सम्झैता गरी कार्य गरेकोमा उक्त संस्थाले २०६२ सालमा कर छुटको प्रमाण पत्र लिएकोमा त्यसको नविकरण समेत गरेको छैन ।त्यसैगरी यस गैरसरकारी संस्थाका क्रियाकलाप मुनाफा आर्जन गर्ने क्रियाकलाप सँग सम्बन्धित देखिन्छ । यस संस्थालाई कर विजक वेगर तल उल्लेखित रु.९४१६१६।०० भुक्तानी भएकोले आयकर ऐन ,२०५८ को दफा ८८(१) बमोजिम भुक्तानी रकमको १५ प्रतिशतले हुने रु.१४१२४२।०० सम्बन्धितवाट असुल हुनु पर्दछ । | १४१२४२.०० |

| गौ.भौ.नं./मिति | भुक्तानी लिने संस्था | भुक्तानी रकम रु. |
|---|---|---|
| ७-२०७५/९/१८ | समाज कल्याण समाज दार्चुला | १७१६१६।०० |
| १५-२०७५/१२/१८ | समाज कल्याण समाज दार्चुला | ३८४०००।०० |
| १७-२०७५/२/२ | समाज कल्याण समाज दार्चुला | ३८६०००।०० |
| **जम्मा** | | **९४१६१६।००** |

| | | |
|---|---|---|
| ४९. | **पेश्की बाँकी**:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र (६) मा खरिद सम्झौताको शर्त अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा सरकारी काम काजको लागि दिइएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । गाँपालिकाले उपलव्ध गराएको बिबरण अनुसार निम्नानुसार फछ्र्यौट हुन बाँकी रहेको पेश्की लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नगरी बाँकी राखेको पाइएकोले नियमानुसार फछ्र्यौट हुन पर्ने रु...... | ४११७०००/- |

| मिति | पेश्की लिनेको नाम तथा कार्य विवरण | जम्मा रु. |
|---|---|---|
| २०७६/०३/०५ | महादेव निर्माणसेवा सडक निर्माण मोबिलाईजेशन पेश्की | ७५००००।०० |
| २०७६/०३/०५ | लटिनाथ निर्माणसेवा सडक निर्माण मोबिलाईजेशन पेश्की | ६५००००।०० |
| २०७६/०३/०५ | रिठगडे कन्स्ट्रक्सनसडक निर्माण मोबिलाईजेशन पेश्की | ८८८०००।०० |
| २०७५/१०/०५ | तातोपानी झोलुङगेपुल सडक निर्माण मोबिलाईजेशन पेश्की | ६७७०००।० |
| २०७५/०९/२४ | मंविमन्दिर देखी प्राकृतिक गुफा उपभोक्ता समिति पेश्की | १५००००।०० |
| २०७५/११/१० | छे तम्जा कुपुस्या घो.बा. उपभोक्ता समिति पेश्की | १५००००।०० |
| २०७५/१२/१० | हाते टेक्टर खरिद स. उपभोक्ता समिति पेश्की | ९००००।०० |
| २०७५/१२/२९ | प्रहरी चौकी निर्माण उपभोक्ता समिति पेश्की | ३०००००।०० |
| २०७६/०१/०८ | वडान.६ कार्यालय मर्मत उपभोक्ता समिति पेश्की | १५००००।०० |
| २०७६/०१/२६ | तिङकर लघुजलविद्युत निर्माण उपभोक्ता समिति पेश्की | ७००००।०० |
| २०७६/०२/२४ | नेपाल राष्ट्रिय दलित समाज उपभोक्ता समिति पेश्की | १०००००।०० |
| २०७६/०१/२७ | देवी मन्दिर निर्माण उपभोक्ता समिति पेश्की | ११२०००।०० |
| २०७६/०१/२९ | संस्कृति पोशाख समिति उपभोक्ता समिति पेश्की | ३००००।०० |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>

| | |
|---|---|
| **जम्मा** | ४११७०००।० |

</td><td></td></tr>
<tr><td>५०.</td><td>

**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| २१०९०५३१/६४ | ० | २१०९०५३१/६४ |

</td><td></td></tr>
<tr><td>५१.</td><td>

**अद्यावधिक बेरुजु स्थिति :** लेकमपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| २१०९०५३१/६४ | ० | **१६०८२६७२.५९** | **३७१७३०४.२३** |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ।

</td><td></td></tr>
</table>

# ब्यास गाउँपालिका

**अनुसूची -१**

**बेरुजु वर्गीकरण**

**२०७५।७६**

(रु.हजारमा)

| **प्रारम्भिक बेरुजू** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजू** | | | **वाँकी बेरुजू** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गनुंपनें | | | | | पेश्की | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोबिलाइजेशन | कर्मचारी | अन्य | जम्मा |
| ३७ | १५ | १६०८२ | - | - | | ३७ | १५ | १६०८२ | २४१४ | ४६९६ | ४८५५ | - | - | ११९६५ | ४११७ | - | - | ४११७ |

# ब्यास गाउँपालिका

अनुसूची-२

## सञ्चित कोष विवरण

**२०७५।७६**

(रु.हजारमा)

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १५६५० | १५१३९९ | १२९५१९ | २८९५ | २८३८१३ | १३८७०५ | ९७१४८ | २८६८९ | २६४५४२ | ३४९२१ |

# ब्यास गाउँपालिका

## अनुसूची-३

## अध्याबधिक वेरुजु स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | ब्यास गाउँपालिका | दार्चुला | २१०९०.०० | ०.०० | २१०९०.०० | ०.०० | १६०८३ | ३७१७३.०० |